## नवौं नगरसभाका उपाध्यक्ष श्री देवका वेलबासे ज्यू द्वारा प्रस्तुत बजेट बक्तव्य

**सम्मानित नगरसभाका अध्यक्ष ज्यू तथा नगरसभा सदस्य ज्यूहरु,**

मुलुक कोभिड-१९ (कोरोना भाइरस) को दोश्रो भेरियन्टको कारण आक्रान्त भैरहेको विषम परिस्थितीमा आर्थिक बर्ष २०७८/०७९ को अनुमानित आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्न उपस्थित भएको छु।

१. सर्वप्रथम देश र जनताको निमित्त आफ्नो अमूल्य जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै सम्पूर्ण सहिद परिवार, बेपत्ता नागरिक तथा घाइते योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु साथै समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने सम्पूर्ण श्रद्धेय अग्रजहरुप्रति पनि सम्मान व्यक्त गर्दछु।

२. कोभिड-१९ का कारण ज्यान गुमाउनु भएका नेपाली तथा विदेशी नागरिकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु र परिवारजनप्रति समवेदना व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

३. कोभिड १९को दोश्रो भेरियन्टको असर हामीले अनुमान गरेभन्दा जटिल र विषम हुन पुग्यो । त्यसैले हाम्रा स्वास्थ्य संरचना र जनशक्ति न्यून मात्र नभई बास्तवमै अपुग भएको महशुस गरिएको छ।

४. कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचार कार्यमा जिम्मेवार बनि अग्रपङ्क्तिमा रही अनवरत रुपमा खटिरहनु भएका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, एम्बुलेन्स चालक, पत्रकार, संघसंस्था जनप्रतिनिधि लगायत राष्ट्रसेवक कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस्तो विषम परिस्थितिमा पनि उच्च धैर्यताका साथ सहयोग गर्नु भएकोमा म नगरपालिकाको तर्फबाट आम नगरवासी दिदीवहिनी दाजुभाइहरुको उच्च प्रशंसा गर्दछु।

५. यो बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, समाजवाद उन्मुख लोककल्याणकारी राज्य व्यवस्थाले निदृष्ट गरेको मार्गदर्शन, संघीय सरकार , प्रदेश सरकार एवं लमही नगरपालिकाको नीति तथा कार्यक्रम र दिगो विकासको लक्ष्यलाई मार्गदर्शनको रुपमा लिएको छु ।यस नगर कार्यपालिकाका विभिन्न विषयगत समितिहरु, राजनीतिक दलहरु, राजश्व परामर्श समिति, संचार माध्यम, नागरिक समाज, बौद्धिक बर्ग लगायत निजी क्षेत्रको सुझावलाई बजेट निर्माणको आधारको रुपमा लिएको छु।

६. स्थानीय सरकार आफैमा नयाँ शासन प्रणालीको अभ्यास भएका कारण स्रोत र साधन तथा पूर्वाधारको कमी भएको व्यहोरा यहाँहरुलाई अवगत नै छ। आधारभूत संरचना तयार भए पनि बजेट कार्यान्वनमा

अपनाउनु पर्ने चरणगत प्रक्रिया पुरा गरी कुशलता पूर्वक खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्ने आवश्यकता छ । यस सगै कोभिड-१९ का कारण सिर्जना भएको आर्थिक तथा सामाजिक संरचनामा आधारभुत रुपमा देखिएको चुनौतीहरुको सम्वोधन गर्नुपर्ने परिस्थिति हाम्रा सामु उपस्थित भएको छ ।

७. **सभाअध्यक्ष ज्यू तथा सभाका सदस्य ज्यूहरु,**

८. अव म यस लमही नगरपालिकाको चालू आर्थिक बर्ष २०७७।०७८ को विद्यमान आर्थिक स्थितिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. सुरुमा म कोभिड-१९ को नियन्त्रण र उपचारको सम्वन्धमा लमही नगरपालिकावाट भइरहेका प्रयास तथा त्यसमा भएको खर्च व्यवस्थापन सम्वन्धमा हालसम्म भएका कार्यहरु लाई संक्षेपमा प्रस्तुत गर्दछु । यस नगरपालिकाले स्थापना गरेको **कोभिड-१९ नियन्त्रण तथा उपचार कोष**मा गत आ.व.को अ.ल्या. रु. १ करोड २५ लाख, ६ हजार १०१ र नगरपालिका बाट चा.लु आ.व. मा विनियोजन गरिएको रु ५६ लाख विभिन्न संघ सस्थाको तर्फवाट रु ९ लाख ६० हजार गरी जम्मा रु. १ करोड ९१ लाख २० हजार १ सय १ रुपैयाँ रकम संकलन भएको छ भने औषधि, उपकरण, क्वारेन्टिन संचालन तथा व्यवस्थापन लगायतका कार्यमा हाल सम्म **रु. ७३ लाख २४ हजार ६ सय ३७ रुपैयाँ खर्च भएको** छ ।

१०. चालु आ.व. २०७७।०७८ मा नेपाल सरकारवाट प्राप्त हुने प्रस्तावित आयमा समानिकरण तर्फ रु. १० करोड ७२ लाख ५० हजार प्राप्त भएको, राजश्व बाडफाँड तर्फ रु ११ करोड ७ लाख ८७ हजार ९० प्राप्त हुनुपर्नेमा हाल सम्म जम्मा रु. ९ करोड १८ हजार ८६०.०३ मात्र प्राप्त हुन आएको छ । सशर्त अनुदान तर्फ आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि रु. ३३ करोड ५५ लाख ६१ हजार २ सय ६ रकम मध्ये रु.२४ करोड ५६ लाख ९५ हजार ४१०.७० प्राप्त भएको छ । कोभिड-१९ का कारण कतिपय महत्वपूर्ण कार्यक्रम संचालन हुन नसकि केहि रकम फ्रिज हुने देखिएको छ । प्रदेश सरकारवाट समानीकरण, सशर्त र विशेष अनुदान क्रमशः रु. ५६ लाख ५८ हजार, १ करोड ७८ लाख र ९० लाख रकम प्राप्त हुन आएको छ ।

११. चालु आर्थिक वर्षमा कोभिड-१९ संक्रमणको कारण मूलतः पूंजीगत खर्च र राजस्व परिचालन दुवै प्रभावित भएका छन् । यस आर्थिक बर्षको निर्धारित बजेटको आकार करिव ७० प्रतिशतमा सिमित रहने संशोधित अनुमान छ । कुल विनियोजन मध्ये हालसम्म चालु तर्फ ४७.३७ प्रतिशत र पुंजीगत खर्च १८.१८ प्रतिशत मात्र खर्च भएको छ ।औसत खर्च प्रतिशत ३५ प्रतिशत रहेको छ।

१२. आर्थिक बर्ष २०७७/०७८ मा हाम्रो आन्तरिक राजश्व संकलन पनि प्रभावित भईरहेको छ । चालु आ.व. ०७७/०७८ को प्रक्षेपीत रावस्व रु ११ करोड ६२ लाख ५० हजार रहेकोमा करिव ८ करोड मात्र

संकलन हुने संशोधित अनुमान रहेको छ , जुन वार्षिक लक्ष्यको तुलनामा करिव ७० प्रतिशत मात्र हुन आँउछ ।

**आदरणिय सभा अध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु,**

अब म यस गरिमामय सभा समक्ष क्षेत्रगत रुपमा प्रस्तावित कार्यक्रम एवं विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्वास्थ्य सेवामा पँहुच र सुदृढिकरण**

१३. कोभिडको नियन्त्रण, रोकथाम र उपचार यस स्थानीय सरकारको उच्च प्राथमिकतामा रहेको विषय हो । कोभिडको पहिलो र दाश्रो भेरियन्टको वीच यसले पार्ने प्रभाव असर तथा प्रभावमा ठुलो भिन्नता रह्यो । त्यसैले पहिलो भेरियन्टको भनुभव र सिकाईले दोश्रो भेरियन्टमा काम गर्न सकेन । तर कोभिड-१९ लगायत सवै खालका स्वास्थ्य जोखिमवाट नगरवासीलाई सुरक्षित राख्न गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा तथा अत्यावश्यक औषधि उपकरण उपलब्धताको व्यवस्था मिलाएको छु ।

१४. यस लमही नगरपालिका भित्र संचालित स्वास्थ्य चौकीहरुमा क्रमशः कम्तिमा १ जना MBBS डाक्टर सहित प्रयोगशाला सेवाबाट स्वास्थ्य सेवा प्रदान गर्ने नीति अनुरुप व्यवस्था गर्न रकम छुट्याएको छु ।

१५. जेष्ठ नागरिकहरुका लागि स्वास्थ्य सेवा घरदैलो अभियानका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

१६. **आमा संग उपमेयर कार्यक्रम** संचालन गरी सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाउन तथा पोषणयुक्त खाना खाने बानीको विकास गर्न लमही नगरपालिका क्षेत्र भित्रका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण सम्वन्धी कार्यक्रमको लागि रु. ७ लाख ५० हजार रकम विनियोजन गरेको छु । यस कार्यक्रम अन्तर्गत **Zero Home Delivery** कार्यक्रम व्यवस्था गर्न र सुत्केरी आमा तथा वच्चाका लागि संचालित न्यानो झोला कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ ।

१७. **हाम्रो स्वास्थ्य ; हाम्रै हातमा** भन्ने नारा लाई जनस्तरमा पुऱ्याउन योग शिक्षा शिविर संचालन गर्न तथा सिकलसेल एनेमिया र थालेसिमिया सम्वन्धि सचेतनामूलक कार्यक्रमको लागि यथोचित रकम छुट्याएको छु । आवश्यक रकमको व्यवस्था गरी लक्षित समुदायमा निशुल्कः जुका तथा अन्य परिजिवी परीक्षण र हेमोग्लोबिन परीक्षण शिविर संचालन गर्ने समेत व्यवस्था मिलाइएको छ ।

१८. रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा विकार निर्मूल पार्ने आयूर्वेद सेवालाई बढावा दिदै नागरिक आरोग्य केन्द्रको लागि थप दक्ष जनशक्तिको व्यवस्था गरी आयूर्वेद चिकित्साप्रति जनमानसमा आकर्षण पैदा गर्ने कार्यक्रमको लागि रु. २८ लाख बजेट विनियोजन गरेको छु ।

१९. पूर्णखोप सेवा उपलव्ध वंडा घोषणा गर्ने तथा उपयुक्त तवरबाट खोप सामग्री भण्डारण गरी गुणस्तरीय खोप सेवा प्रदान गरिने व्यवस्था मिलाइएको छ । साथै स्वास्थ्य चौकीमा प्रयोगशाला विस्तार गर्ने प्रयोजनको लागि वजेट विनियोजन गरिएको छ ।

२०. नवजात शिशु तथा सुत्केरी आमाहरुले अकालमै ज्यान गुमाउन नपरोस भनी २४ घण्टे सुत्केरी सेवा संचालनको लागि आवश्यक रकमको ब्यवस्था मिलाएको छु । सर्प दंश केन्द्र मार्फत प्रभावकारी सेवा प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

२१. नगर स्वास्थ्य केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा व्यवस्थापकिय क्षेत्रमा रकम व्यवस्था गर्नुका साथै निरन्तरका सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।

२२. नेपाल सरकारले तोकेबमोजिमका निःशुल्क औषधिहरु र यस नगरपालिकाले लक्षित वर्गहरुको लागि प्रदान गर्ने निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि, औजार उपकरण तथा प्रयोगशाला सामग्रीहरुको खरिदको लागि प्रर्याप्त रकमको व्यवस्था गरिएको छ ।

२३. समुदायको सेवामा आफ्नो जीवनको अमूल्य समय खर्चिनुहुने महिला स्वास्थ्य स्वयमसेविका दिदि बहिनिहरुको सेवालाई उच्च सम्मान गर्दै सम्मानजनक बिदाईमा प्रतिव्यक्ति रु. १ लाख रकमको व्यवस्था मिलाएको छु ।

२४. नगरबासीहरुको सर्वसुलभ स्वास्थ्य सेवा पाउने हकको संरक्षण गर्दै स्वास्थ्य जस्तो संबेदनशिल सेवामा सबैको पँहुच बृद्धि गर्न ४ थान एम्बुलेन्स र १ थान सब बाहन थप गर्ने ब्यवस्था मिलाएको छु ।

२५. स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राखी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन संचार खर्च, यातायात खर्च र फिल्ड भत्ता जस्ता कार्यक्रमहरु थप गरि आवश्यक रकमको ब्यवस्था मिलाएको छु ।

२६. लमही नगरपालिकाको वार्ड नं. ७ मा नगर स्वास्थ्य केन्द्र भवन निर्माणका लागि संघीय सरकारवाट विशेष अनुदान स्वरुप रु. ८३ लाख विनियोजन भएको छ ।

२७. स्वास्थ्य सेवा व्यवस्थित तथा सुदृढीकरण गर्दै जनतालाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्धताका निम्ती स्वास्थ्य तर्फ रु. ८ करोड ८९ लाख विनियोजन गरिएको छ ।

२८. लमही अस्पतालतर्फ पूर्वाधार निर्माणका साथै समग्र सेवा संचालन, व्यवस्थापन तथा थप स्वास्थ्यकर्मी समेतको लागि रु. ५ करोड १० लाख रकम विनियोजन गरेको छु।

२९. लमही अस्पतालको आन्तरीक स्रोत अन्तर्गत रु २ करोड ८१ लाख ८९ हजार रकम विनियोजन गरिएको छ।

३०. समुदायिक बिद्यालयमा कार्यरत निम्न वेतनधारी वालविकास सहजकर्ताहरु, विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरुको योगदानलाई उचित मूल्याङ्कन गर्दै संघीय सरकारवाट प्रस्तुत भएको वजेट बक्तब्यमा तोकिएको मापदण्ड अनुसारको पारिश्रमीकको व्यवस्था मिलाएको छु।

३१. कोरोनाका कारण श्रृजना भएको असहज परिस्थीलाई मध्यनजर गर्दै शैक्षिक गुणस्तर सुधार र वैकल्पिक प्रणालीबाट बिद्यार्थिहरुको सिकाई सहजीकरण क्रियाकलाप संचालनका लागि रु. २५ लाख रकम बिनियोजन गरेको छु।

३२. बिपन्न विद्यार्थीहरुको लागि पोशाक तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन, अपांग तथा असाहय बालबालीकाहरुको लागि छात्रबृत्ति, किशोरी मैत्री तथा बालमैत्री कार्यक्रम र प्रविधिमैत्री वित्तिय साक्षरता जस्ता कार्यक्रमहरु संचालनका लागि आवश्यक रकम छुट्टाएको छु।

३३. त्यसैगरी शिक्षा क्षेत्रतर्फ संघीय सरकार ससर्त कार्यक्रमहरुमा निःशुल्क पाठ्यपुस्तक वितरण, विद्यालय संचालन तथा व्यवस्थापन अनुदान, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम, किशोरीहरुको लागि स्यानिटरी प्याड वितरण कार्यक्रम, दिवा खाजा र कोभिड-१९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरण जस्ता कार्यक्रमहरु रहेका छन्।

३४. आगामी आर्थिक वर्षको लागि यस नगरको शिक्षा क्षेत्रको कुल बजेट रकम जम्मा रु.१६ करोड ७३ लाख २३ हजार रहेको छ।

**आदरणिय सभा अध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु,**

३५. लमही नगरलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यका साथ पर्यटकिय स्थलहरुको व्यवस्थापन, पूर्वाधार निर्माण तथा मर्मत सम्भार जस्ता कार्यक्रमहरुमा रु. ३ करोड ४५ लाख रकम बिनियोजन गरेको छु।

३६. अवाञ्छितरुपमा सामना गर्नुपर्ने बिपदका बिभिन्न घटनाहरुबाट नगरवासीहरुलाई राहत प्रदान गर्न विपद व्यवस्थापन गर्न रु.१ करोड ६० लाखको कोष व्यवस्था मिलाएको छु।

३७. बिपदको समयमा खुला आकाश मुनी दैनिकी गुजार्नुपर्ने पिडीतहरुको बाध्यताको अन्त्य गर्न नगरस्तरीय आश्रय घर निर्माणमा रु. ५० लाख रकम बिनियोजन गरेको छु ।

३८. **सफा घर ; स्वच्छ शहर** भन्ने नारालाई मूर्तरुप दिन टोल विकास संस्थाहरुलाई समन्वय गरी फोहोरमैला व्यावस्थापन तालिम प्रदान गर्न र संस्थागत क्षमतामा सुदृढिकरण गर्न सामग्री सहयोगको लागी आवश्यक रकम छुट्टाएको छु ।

३९. **नगर आपत्कालिन कार्य संचालन केन्द्र**लाई स्रोत साधन सम्पन्न वनाउदै बिपद सम्वन्धीका घटनाहरुको तत्काल व्यवस्थापनका लागि रेडियो रुम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४०. दिसाजन्य लेदोको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्न प्रशोधन प्लान्ट (Treatement Plant) निर्माण गर्ने कार्यको लागि रु. २ करोड विनियोजन गरेको छु ।

४१. वातावरण सरसफाई तथा विपद व्यवस्थापन शाखाको लागि रु.१ करोड ४३ लाख ९० हजार विनियोजन गरेको छु ।

४२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको लागि रु.८७ लाख विनियोजन गरेको छु ।

४३. कोभिडवाट विश्वनै आक्रान्त भई आर्थिक अवस्था कमजोर भईरहेको यस विषम परिस्थितिमा कृषि क्रान्ति मार्फत आर्थिक समृद्धि हासिल गर्नका निम्ती आगामी आ.व.का लागि कृषि तर्फ रु.१ करोड वजेट विनियोजन गरेको छु । साथै संघीय सरकारवाट रु. ४७ लाख ८७ हजार रकम विनियोजन गरिएको छ ।

४४. गुणस्तरीय पशुआहारको उपलब्धता, व्यवसायिक पशु फार्म निर्माणको लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४५. पशु रोग निदान तथा परिक्षणको लागि पशु प्रयोगशाला संचालनको व्यस्था मिलाएको छु । पशु बाझोपन निवारणका लागि पशु स्वास्थ्य शिविर र पशु सुत्केरी स्याहार जस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखेको छु ।

४६. पशु स्वास्थ्यमा विशेषज्ञ सेवा प्रदान गर्न चिकित्सक सेवा प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४७. पशु स्वास्थ्यमा पोषणको महत्वलाई ध्यानमा राखी बिभिन्न प्रजातीका घासको विऊमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु ।

४८. मत्स्य विकास कार्यक्रम अन्तर्गत कृषकलाई ५० प्रतिशत अनुदानमा नयाँ पोखरी निर्माणमा सहकार्यात्मक कार्यक्रमको व्यवस्था मिलाएको छु ।

४९. सडक तथा सामुदायिक कुकुर नियन्त्रणको लागि कुकुर वन्ध्याकरण शिविर तथा पशु स्वास्थ्य शिविर संचालनको लागि रु. ६ लाख छुट्याएको छु ।

५०. पशु सेवा संग सम्वन्धित विभिन्न कार्यक्रमका लागि समग्रमा रु. १ करोड ४० लाख वजेट विनियोजन गरेको छु । संघीय सरकारबाट पशु सेवाको लागि रु ३५ लाख रकम विनियोजन भएको छ ।

५१. राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनको लागि संघीय सरकारको शसर्त अनुदानमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत रु. १२ लाख र भैंसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको लागि रु. ११ लाख विनियोजन भएको छ ।

५२. नगरपालिका क्षेत्र भित्रका बजारवाट टाढा भएका ठाउँबाट कृषि उपज वस्तुलाई वजारसम्म पुऱ्याउन ढुवानीमा विशेष अनुदानको लागि यथोचित रकम विनियोजन गरेको छु ।

५३. **एक गाउँ; एक विशेष उत्पादन** कार्यक्रमको लागि उन्नत वीउ वितरण कार्यक्रमलाई यथोचित वजेटको व्यवस्था गरेको छु ।

५४. नगरपालिका क्षेत्र भित्रका अपांगता भएका तथा असहाय बालबालिकाहरुलाई छात्रवृत्ति र विपन्न,दलित तथा जेहेन्दार विद्यार्थीलाइ उच्च तथा प्राविधिक शिक्षाको लागि यथोचित रकम छात्रवृत्तिको रुपमा दिने व्यवस्था मिलाएको छु ।

५५. लमही नगरपालिका क्षेत्र भित्र शिक्षामा सहज पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि रु २ करोड रकम विनियोजन गरेको छु ।

५६. **नगरस्तरीय मेयर कप खेलकुद प्रतियोगिता** र अन्य विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि कुल रकम रु.१५ लाख विनियोजन गरी युवा तथा विद्यार्थीहरुमा स्वच्छ प्रतिस्पर्धी भावनाको विकास गराई शारीरिक, मानसिक र शैक्षिक विकास सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

५७. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्यलाई निरन्तरता दिदैं न्यायिक समितिवाट प्रदान गरिने सेवामा सवै नगरवासीको सरल र सहज पहुँच सुनिश्चित गर्न रु. २५ लाख विनियोजन गरिएको छ ।

५८. नगर कार्यपालिका भवन तथा लमही नगरपालिकाको बजार क्षेत्रमा CCTV Camera को संख्या थप र डिजिटल बोर्ड जडान गर्ने कार्यको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

५९. कर्मचारीहरुको मनोवल उच्च बनाउन प्रोत्साहन , सुविधा तथा क्षमता विकास तालिमको व्यवस्था मिलाइएको छ । कर प्रशासनलाई सुदृढ गर्न तथा राजश्व अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालनको लागि यथोचित रकम विनियोजन गरिएको छ ।

६०. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप श्रम र प्रविधिको उपयोग गर्ने घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने तथा महिला उद्यमशिलता तालिम कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६१. भौतिक पूर्वाधार विकास मार्फत समृद्ध नगर सुखी नागरिक भन्ने नारालाई सार्थक तुल्याउन भौतिक पूर्वाधार तर्फ रु १४ करोड ३७ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

६२. प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि रु ६३ लाख प्राप्त भएको छ ।

६३. **जनता संग मेयर कार्यक्रम** अन्तर्गत रु. १ करोड र जनता संग उपमेयर कार्यक्रमका लागि रु. ५० लाख बजेट विनियोजन गरी नगरक्षेत्रको विकास पूर्वाधार गर्न छुटेका समुदायलाई लाभ पुग्न सक्ने गरी वेरोजगार व्यक्तिहरुलाई तत्काल रोजगार प्रदान गर्ने योजना सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

६४. नगरपालिकाको प्रशासकीय भवनको परिसर व्यवस्थापनका लागि परिसरका पुरानो जिर्ण संरचना हटाई व्यवस्थित पार्किङ र बगैचासहितको पूर्वाधार निर्माण लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।

६५. नगरको सुरक्षा र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न नगर प्रहरीको व्यवस्था गर्न आवश्यक रकमको व्यवस्था गरिएको छु ।

६६. लमही वजारको मुटुको रुपमा रहेको वगैचालाई व्यवस्थित,सुदृढ र सुन्दर बनाउन र वजारको ट्राफिक पद्धतीलाई व्यवस्थित गरि दुर्घटनाको जोखिम न्यूनिकरण गरी पैदलयात्रीको सुरक्षा तथा नगरको सुन्दरता बढाउन रु ४० लाख रकम विनियोजन गरेको छु ।

६७. हिंसापिडीत महिलाहरुको जीउ ज्यानको सुरक्षा गर्न तथा सामाजिक बहिस्करणको असरलाई न्यूनिकरण गर्न सेफ हाउस संचालन तथा व्यवस्थापनका लागि रु. २५ लाख रकम विनियोजन गरिएको छ ।

६८. देउखुरी वहुमुखी क्याम्पसलाई शैक्षिक गुणस्तर बृद्धि गर्नको लागि रु. १० लाख विनियोजन गरेको छु ।

६९. मदरसा अहले सुन्नत फैजाने रजा प्रा.वि. विद्यालय निर्माण गर्न तथा लमही आंखा अस्पतालको भौतिक पुर्वाधार विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७०. नगरपालिकावाट यस आर्थिक बर्षमा सुरु भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न आवश्यकता अनुरुप बजेटको व्यवस्था मिलाइएको छ ।

७१. लमही नगरपालिकाको वडा नं. १ बसन्तपुरको क्रमागत खानेपानी आयोजनाको लागि रु. २५ लाख विनियोजन गरेको छु।

७२. सञ्चार माध्यमको विकास तथा क्षमता वृद्धिका लागि यथोचित वजेट विनियोजन गरेको छु।

७३. लमही नगरपालिकाका ९ वटै वडा तर्फका योजना तथा कार्यक्रमका लागि रु ९ करोड रकम विनियोजन गरिएको छ।

७४. पर्यटन विकास तथा प्रवर्द्धनका निम्ती रु १ करोड रकम विनियोजन गरेको छु।

७५. महामारी जन्य रोग तथा प्राकृतिक प्रकोप व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा लागि रु १ करोड ६० लाख रकम विनियोजन गरेको छु।

७६. उद्योग तथा सहकारी क्षेत्रको विकास एवं सुधारका लागि रु १५ लाख रकम विनियोजन गरेको छु। उद्योगको लागि संघीय सरकारबाट रु २७ लाख रकम विनियोजन भएको छ।

७७. लमही नगरपालिकाको राजश्व प्रणाली सुदृढिकरण तथा व्यवस्थापनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

७८. आर्थिक पारदर्शिता तथा गुणस्तरिय अभिलेख व्यवस्थापनका एवं सक्षम आर्थिक प्रशासनका निम्ति रु १५ लाख रकम विनियोजन गरेको छु।

७९. प्रविधिमैत्री नगर निर्माणका लागि सूचना प्रविधि तर्फ रु ३० लाख रकम विनियोजन गरेको छु।

८०. लमही नगरपालिकाको प्रशासनिक खर्च तर्फ रु २२ करोड ६६ लाख रकम विनियोजन गरेको छु।

८१. विभिन्न संघ सस्था लगायतका थप क्रियाकलापहरु संचालन गर्नका लागि रु २ करोड ४२ लाख ६४ हजार ७ सय रकम विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू, सभा सदस्यज्यूहरु,**

अव म यहाँहरु समक्ष माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु।

८२. संघ, प्रदेश तथा अन्य निकायबाट पूर्वाधार निर्माण तर्फका आयोजनाहरुका लागि प्राप्त हुने रकममा नगरपालिकाको समेत लगानी गर्नको लागि समपुरक कोष तर्फ रु. ४ करोड ८५ लाख छुट्याईएको छ ।

८३. आगामी आ.व.मा संघीय वित्तीय समानिकरण अनुदान तर्फ रु. १५ करोड ११ लाख, संघीय राजस्व बांडफांड अनुदान रु. ११ करोड १५ लाख ६७ हजार, संघीय सशर्त अनुदान रु. २८ करोड ८० लाख,

संघीय विशेष अनुदान रु. ८३ लाख, प्रदेश वित्तीय समानिकरण अनुदान रु. ७१ लाख ५७ हजार, प्रदेश सवारी साधन कर बांडफांड अनुदान रु. २ करोड ६९ लाख ९१ हजार ५ सय ७८ रुपैया, प्रदेश सरकार रोयल्टी रु ४० हजार २९, प्रदेश सशर्त अनुदान रु १ करोड १५ लाख ४४ हजार, प्रदेश सरकार विशेष अनुदान रु. ७० लाख, प्रदेश सरकार समपुरक अनुदान रु २ करोड, आन्तरिक आय तर्फ ३४ करोड ४३ लाख ५० हजार, लमही अस्पतालको आन्तरीक आय २ करोड ८१ लाख ८९ हजार र बैंक मौज्दात रु. ८ करोड गरी जम्मा **१ अर्ब ८ करोड ४२ लाख ३८ हजार ६ सय ७ रुपैयाँ** आय अनुमान गरिएको छ ।

८४. यसै गरी आ.व. २०७८।०७९ मा चालु खर्चका लागि कुल बजेटको करिब ४९.९८ प्रतिशत हुन आउने रकम रु ५४ करोड १९ लाख ०२ हजार ४ सय ५५ रुपैया ७७ पैसा विनियोजन गरिएको छ । पूँजिगत विकास, नगर तथा वडास्तरीय पूर्वाधार विकास तथा अन्य सशर्त कार्यक्रम तथा विकास कार्यक्रमका लागि ५०.०२ प्रतिशतले हुन आउने रकम रु ५४ करोड २३ लाख ३६ हजार १ सय ५१ रुपैया २३ पैसा विनियोजन गरिएको छ ।

८५. आ.व.०७८।०७९को बजेट स्रोत अनुसुचि १ मा, विषयगत शाखा तथा वडागत अनुमानित व्यय विवरण अनुसुचि २ मा र अन्य संघ संस्था तथा थप कार्यक्रमको विवरण अनुसुचि ३ मा राखिएको छ ।

**सभाध्यक्षज्यू, नगर सभा सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७८।०७९ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८६. कर प्रशासनलाई चुस्त, छरितो र लागत प्रभावी बनाइने छ । सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिईनेछ । राजस्वका स्रोतहरुको पहिचान गरी राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करमा सदुपयोग सुनिश्चित गरिनेछ ।

८७. आगामी आर्थिक बर्षमा यस नगरपालिकामा लगाइने कर तथा शुल्कहरुको विवरण आर्थिक विद्येयकमा उल्लेख गरेको छु ।

**सभा अध्यक्षज्यू, नगर सभा सदस्यज्यूहरु,**

८८. कोभिड-१९ को महामारीका कारण हालको विषम परिस्थितिमा पनि राजस्व र व्ययको अनुमान तय गर्दा मार्ग निर्देशन गर्नुहुने सभा अध्यक्षज्यू र कार्यपालिका सदस्यज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी नगरसभा सदस्यज्यू एवम् सवै राजनीतिक दलबाट प्राप्त सल्लाह सुझावको लागि धन्यवाद दिन चाहन्छु ।

८९. बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार तथा प्रदेश सरकार, अमुल्य सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक, संघ संस्था, संचार जगत लगायत आम लमही नगरवासी दिदीबहिनी दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । बजेट तर्जुमाको क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत यथावत रुपमा रहिरहने मेरो अपेक्षा छ ।

९०. अन्त्यमा, प्रस्तुत आगामी आ.व.२०७८/०७९ को बजेटको प्रभावकारी कार्यान्वयनबाट लमही नगरपालिका सुन्दर, समृद्ध, आत्मनिर्भर नगरपालिका वन्नुका साथै विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ का कारण प्रभावित विकासले गति लिई संघीय तथा प्रदेश सरकारले अवलम्वन गर्ने नीति अनुरुप हुने गरी कोरोना भाइरसको सङ्क्रमण रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी हुने र आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्ति भई रोजगारीका अवसर वढ्ने तथा कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वढी आम जनताको जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु ।

**धन्यवाद ।**

**देवका बेल्बासे**

**उपाध्यक्ष**

**२०७८ आषाढ ०९ गते बुधवार**

लमही नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

लमही दाङ

लुम्बिनी प्रदेश, नेपाल ।

अनुसुची १

**आ.व.२०७८।०७९ को बजेट सिमा निर्धारण**

| क्र.सं | स्रोत समुह | बजेटको प्रबृत्ति | अनुमानित आय रु |
|---|---|---|---|
| १ | संघीय सरकार | समानीकरण | १५१,१००,०००।०० |
| | | शसर्त | २८८,०००,०००।०० |
| | | विशेष | ८,३००,०००।०० |
| | | राजस्व बाडफाड | १११,५६७,०००।०० |
| २ | प्रदेश सरकार | समानीकरण | ७,१५७,०००।०० |
| | | प्रदेश सरकारबाट प्राप्त रोयल्टी | ४०,०२९।०० |
| | | प्रदेश समपूरक | २०,०००,०००।०० |
| | | प्रदेश शशर्त | ११,५४४,०००।०० |
| | | प्रदेश विशेष | ७,०००,०००।०० |
| | | प्रदेश सरकारबाट प्राप्त सवारी साधन करको बाडफाडको रकम | २६,९९१,५७८।०० |
| ३ | आन्तरीक स्रोत | राजस्व प्रक्षेपण | ३४४,३५०,०००।०० |
| ४ | लमही अस्पताल आन्तरीक स्रोत | आन्तरीक स्रोत | २८,१८९,०००।०० |
| ५ | बैंक मौज्दात | बैंक मौज्दात | ८०,०००,०००।०० |
| | जम्मा | | १,०८४,२३८,६०७।०० |

लमही नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
लमही दाङ
लुम्बिनी प्रदेश, नेपाल ।
अनुसुचि २

**आ व. २०७८।०७९ को लागी वडा कार्यालय तथा विषयगत शाखाहरूको बजेट सिमा**

| क्र.स. | विवरण | समानिकरण तथा अन्तरिक श्रोत रकम रू. | शशर्त / विशेष रकम रु. | कुल जम्मा रु. |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | ४०,०००,०००।०० | ४५,४००,०००।०० | ८५,४००,०००।०० |
| | लमही अस्पताल | ३०,०००,०००।०० | | ३०,०००,०००।०० |
| २ | लमही अस्पताल(अस्पताल आन्तरीक) | २८,१८९,०००।०० | | २८,१८९,०००।०० |
| ३ | नागरिक आरोग्य केन्द्र | २,८००,०००।०० | | २,८००,०००।०० |
| ४ | पूर्वाधार शाखा | १४७,२५०,०००।०० | | १४७,२५०,०००।०० |
| ५ | शिक्षा तथा खेलकुद शाखा | २०,०००,०००।०० | १४७,३००,०००।०० | १६७,३००,०००।०० |
| ६ | पशु सेवा शाखा | १४,०००,०००।०० | ३,५००,०००।०० | १७,५००,०००।०० |
| | कृषि विकास शाखा | १०,०००,०००।०० | ४,७८७,०००।०० | १४,७८७,०००।०० |
| ७ | कृषि / पशुविकास शाखा | | ४१३,०००।०० | ४१३,०००।०० |
| ८ | पर्यटन प्रबर्द्धन तर्फ | १०,०००,०००।०० | | १०,०००,०००।०० |
| ९ | विपद व्यवस्थापन कोष | १६,०००,०००।०० | | १६,०००,०००।०० |
| १० | वातावरण सरसफाइ तथा विपद ब्यवस्थापन शाखा | १४,३९०,०००।०० | | १४,३९०,०००।०० |
| ११ | उद्योग तथा सहकारी | १,५००,०००।०० | २,७००,०००।०० | ४,२००,०००।०० |
| १२ | राजश्व शाखा | ५००,०००।०० | | ५००,०००।०० |
| १३ | आर्थिक प्रशासन शाखा | १,५००,०००।०० | | १,५००,०००।०० |
| १४ | न्यायिक समिति | २,५००,०००।०० | | २,५००,०००।०० |
| १५ | योजना शाखा | १,७००,०००।०० | | १,७००,०००।०० |
| १६ | सूचना प्रविधिशाखा | ३,०००,९०७।१७ | | ३,०००,९०७।१७ |
| १७ | महिला बालबालिका तथा जेष्ठ नागारक शाखा | ८,७००,०००।०० | ३,६००,०००।०० | १२,३००,०००।०० |
| १८ | प्रशासन शाखा | १,०००,०००।०० | | १,०००,०००।०० |
| १९ | प्रशासनिक खर्च | २२६,६००,०००।०० | | २२६,६००,०००।०० |
| २० | जनता संग मेयर कार्यक्रम | १०,०००,०००।०० | | १०,०००,०००।०० |
| २१ | वडा कार्यालयहरुको लागि | ९०,०००,०००।०० | | ९०,०००,०००।०० |
| २२ | सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा | ५००,०००।०० | ११,१००,०००।०० | ११,६००,०००।०० |
| २३ | अन्य संघ संस्था लगायत थप कार्यक्रमहरू तर्फ | २६,७६४,७००।०० | | २६,७६४,७००।०० |
| २४ | समपुरक कोष | ४२,५००,०००।०० | | ४२,५००,०००।०० |
| २५ | गारबी निवारण(गारब घर पाहचान कार्यक्रम | | १००,०००।०० | १००,०००।०० |
| २६ | उर्जा | | ८००,०००।०० | ८००,०००।०० |
| २७ | पर्यटन | | १,०००,०००।०० | १,०००,०००।०० |
| २८ | भवन तथा शहरी विकास | | ७१,७००,०००।०० | ७१,७००,०००।०० |
| २९ | भाषा तथा संस्कृती | | ८००,०००।०० | ८००,०००।०० |
| ३० | यातायात पूर्वाधार | | ३,१००,०००।०० | ३,१००,०००।०० |
| ३१ | प्रदेश शशर्त अनुदान | | ११,५४४,०००।०० | ११,५४४,०००।०० |
| ३२ | प्रदेश विशेष अनुदान | | ७,०००,०००।०० | ७,०००,०००।०० |
| ३३ | प्रदेश समपुरक अनुदान | | २०,०००,०००।०० | २०,०००,०००।०० |
| | कुल जम्मा | ७४९,३९४,६०७।१७ | ३३४,८४४,०००।०० | १,०८४,२३८,६०७।१७ |

## लुम्बिनी प्रदेश, नेपाल ।
### अनुसुचि ३

| सि.न. | संघ संस्था तथा अन्य थप कार्यक्रमहरू | बजेट रु. |
|---|---|---|
| १ | दलित लक्षित कार्यक्रम | ५००,०००।०० |
| २ | सेफ हाउस सचालन व्यवस्थापन | २,५००,०००।०० |
| ३ | पतन्जली योग | ५००,०००।०० |
| ४ | संचारमाध्यम तथा संचारकर्मीहरूको क्षमता विकास | ५००,०००।०० |
| ५ | भुमि सम्वन्धि समस्या समाधान आयोगको इकाई | ५,२६४,७००।०० |
| ६ | जनता संग उपमेयर कार्यक्रम | ५,०००,०००।०० |
| ७ | ट्राफिक ब्यवस्थापन | २,०००,०००।०० |
| ८ | सुरक्षित अप्रवासन सेवा संचालन | १,०००,०००।०० |
| ९ | कर्मचारी पदपुर्ती ब्यवस्थापन खर्च | १,५००,०००।०० |
| १० | देउखुरी बहुमुखी क्याम्पसलाई नगद अनुदान | १,०००,०००।०० |
| ११ | लमही आँखा अस्पतालाई नगद अनुदान | १,०००,०००।०० |
| १२ | नेपाल पत्रकार महासंघ सँगको साझेदारीमा कार्यक्रम | ५००,०००।०० |
| १३ | मदरसा अहले सुन्नत फैजाने रजा प्रा.वि.अनुदान | १,०००,०००।०० |
| १४ | NTV कोहलपुर कार्यक्रम निर्माण तथा संचालन | १,०००,०००।०० |
| १५ | बसन्तपुर खानेपानी योजना १ नं.वडा | २,५००,०००।०० |
| १६ | जेष्ठ नागरिक स्वास्थ्य सेवा घर दैलो अभियान | ५००,०००।०० |
| १७ | देउखुरी सामुदायिक प्रहरीसँगको साझेदारीमा कार्यक्रम | ५००,०००।०० |
| | कुल जम्मा | २६,७६४,७००।०० |